काठमाडौँ महानगरपालिका

स्थानीय राजपत्र

काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ६) काठमाडौँ, माघ १५ गते, २०७९ साल (अतिरिक्ताङ्क ७

भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको ऐन नं. ४

काठमाडौँ महानगरपालिका साझेदारी तथा लगानी ऐन, २०७९

प्रस्तावना : काठमाडौँ महानगरपालिका क्षेत्रभित्र सामाजिक, आर्थिक र पूर्वाधार संरचना तथा सेवा क्षेत्रमा स्वदेशी वा विदेशी निजी क्षेत्रको लगानी र सार्वजनिक तथा सामाजिक उत्तरदायित्वको माध्यमबाट समेत नवीन प्रविधि, गुणस्तरीय सेवा, व्यवस्थापकीय कुशलता एवम् लगानीमैत्री वातावरण निर्माण गर्दै काठमाडौँ महानगरपालिकाको आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउन, सार्वजनिक निजी साझेदारीमा निर्माण हुने परियोजनाहरूलाई व्यवस्थित गर्न तथा लगानीसम्बन्धी कानुनी व्यवस्थालाई स्पष्ट गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम काठमाडौँ महानगरपालिका नगरसभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **'साझेदारी तथा लगानी ऐन, २०७९'** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) 'अनुमतिपत्र' भन्नाले परियोजना कार्यान्वयन गर्न दफा ३ बमोजिम सार्वजनिक निजी साझेदारीमा, दफा २६ बमोजिम निजी लगानीमा र दफा ३२ बमोजिमको सार्वजनिक तथा सामाजिक उत्तरदायित्वअन्तर्गतको परियोजना कार्यान्वयन गर्न प्रदान गरिएको अनुमतिपत्र वा इजाजतपत्र सम्झनुपर्छ ।

(ख) 'अनुमतिपत्र प्राप्त व्यक्ति' भन्नाले परियोजना

कार्यान्वयन गर्न अनुमतिपत्र वा इजाजतपत्र प्राप्त फर्म, कम्पनी वा व्यक्तिलाई सम्झनुपर्छ ।

(ग) **'आयोग'** भन्नाले महानगरपालिका अन्तर्गतको सहरी योजना आयोगलाई सम्झनुपर्छ ।

(घ) **'उपप्रमुख'** भन्नाले काठमाडौँ महानगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ङ) **'उपभोक्ता'** भन्नाले यस ऐनबमोजिम सार्वजनिक निजी साझेदारी, निजी लगानी, सार्वजनिक तथा सामाजिक उत्तरदायित्व, संयुक्त सार्वजनिक लगानीमा निर्माण भएको पूर्वाधार संरचना र सामाजिक सेवा, सुविधा उपभोग वा उपयोग गर्ने व्यक्ति वा सेवाग्राही वा निकाय सम्झनुपर्छ ।

(च) **'उपाध्यक्ष'** भन्नाले काठमाडौँ महानगरपालिका सहरी योजना आयोगको उपाध्यक्ष सम्झनुपर्छ ।

(छ) **'एकाइ'** भन्नाले काठमाडौँ महानगरपालिकाको सार्वजनिक निजी साझेदारी एकाइ सम्झनुपर्छ ।

(ज) **'कार्यपालिका'** भन्नाले काठमाडौँ महानगरपालिका, नगर कार्यपालिका सम्झनुपर्छ ।

(झ) **'तोकिएको' वा 'तोकिएबमोजिम'** भन्नाले यस ऐन अन्तरगत बनेको नियमावलीमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ञ) **'नगरसभा'** भन्नाले काठमाडौँ महानगरपालिकाको नगरसभा सम्झनुपर्छ ।

(ट) **'निजी लगानी'** भन्नाले दफा २३ बमोजिम गरिने लगानी सम्झनुपर्छ ।

(ठ) **'निर्माण'** भन्नाले यस ऐनबमोजिम पूर्वाधार संरचनाको विकास, निर्माण वा पुनर्स्थापनाको कार्य सम्झनुपर्छ ।

(ड) **'परियोजना'** भन्नाले यस ऐनबमोजिम सञ्चालन गरिने परियोजना सम्झन्नुपर्छ ।

(ढ) **'पुनर्स्थापना'** भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निर्माण गरी पुनर्स्थापना गर्ने काम सम्झनुपर्छ ।

(ण) **'पूर्वाधार संरचना'** भन्नाले सडक, फ्लाईओभर, सबवे, सुरुङमार्ग, पुल, अस्पताल, मोनोरेल, मेट्रोरेल, स्काइरेल, केबुलकार, रेल्वे, ट्रलिबस, ट्रामवे, बस र्‍यापिड ट्रान्जिट, जलमार्ग, परिवहन बिसौनीस्थल, सुख्खा बन्दरगाह, विमानस्थल, प्रदर्शनीस्थल, पार्क, सञ्चार तथा सूचना प्रविधि, वित्तीय बजार पूर्वाधार, विशेष आर्थिक तथा औद्योगिक क्षेत्र, कृषि क्षेत्र, शिक्षा क्षेत्र, होटल वा पर्यटन क्षेत्र, सवारी साधन पार्किङ संरचना, जलाशय, पोखरी, बाँध, ढलनिकास, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन, ऊर्जा उत्पादन, प्रशासरण तथा वितरण, रङ्गशाला, मनोरञ्जन पार्क, सहरी सौन्दर्यीकरणका कामहरू, सार्वजनिक सभागृह, बहुउद्देश्यीय भवन (मेघा हल) वा सार्वजनिक गोदामघर, विविध सहरी पूर्वाधार, शीतभण्डारसँग सम्बन्धित पूर्वाधार निर्माण, सार्वजनिक तथा सामाजिक उत्तरदायित्वअन्तर्गत निर्माण भएका संरचनाहरू सम्झनुपर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना जसमा स्वदेशी वा वैदेशिक निजी क्षेत्रको लगानी, सञ्चालन तथा व्यवस्थापन

हुने संरचनालाई समेत जनाउँछ ।

(त) **'प्रमुख'** भन्नाले काठमाडौँ महानगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(थ) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले काठमाडौँ महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(द) **'प्रस्तावक'** भन्नाले यस ऐनबमोजिम प्रस्ताव पेश गर्ने प्राकृतिक र कानुनी व्यक्ति सम्झनुपर्छ ।

(ध) **'बोर्ड'** भन्नाले दफा १७ बमोजिमको महानगरपालिका साझेदारी तथा लगानी बोर्ड सम्झनुपर्छ ।

(न) **'महसुल'** भन्नाले अनुमतिपत्रप्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराएबापत उपभोक्तासँग लिने सेवा शुल्क सम्झनुपर्छ ।

(प) **'लगानी'** भन्नाले यस ऐनबमोजिम ऋण वा स्वपूँजी वा व्यवस्थापन तथा सञ्चालन वा पुनःलगानी वा यस्तै प्रकारका वित्तीय उपकरणमार्फत् परियोजनामा गरिने पूँजीप्रवाह सम्झनुपर्छ ।

(फ) **'लगानीकर्ता'** भन्नाले यस ऐनबमोजिमको परियोजनामा लगानी गरेको वा लगानी गर्न इच्छा व्यक्त गर्ने फर्म, कम्पनी, सहकारी, गैरनाफामूलक संस्था, निजी वा सार्वजनिक गुठी, सार्वजनिक तथा सामाजिक उत्तरदायित्व अन्तर्गत लगानी गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले परियोजनाको अध्ययन, विकास, निर्माण वा सञ्चालन गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई समेत जनाउँछ ।

(ब) **'लगानी बोर्ड'** भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ बमोजिम गठन भएको लगानी बोर्ड सम्झनुपर्छ ।

(भ) **'सम्झौता'** भन्नाले महानगरपालिका र लगानीकर्ताबिच भएको परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता वा सुविधा सम्झौता वा सहमति वा समझदारी (कन्सेसन एग्रिमेन्ट) वा यस्तै प्रकारका सम्झौता सम्झनुपर्छ ।

(म) **'सर्वेक्षण'** भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका विश्लेषण वा अनुसन्धान वा अन्वेषणसम्बन्धी कार्य सम्झनुपर्छ ।

(य) **'सार्वजनिक निजी साझेदारी'** भन्नाले महानगरपालिका र लगानीकर्ताबिच स्रोत वा प्रतिफल बाँडफाँड वा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण, सञ्चालन, पुनःस्थापना वा सार्वजनिक सेवाप्रवाह गर्न दफा ३ को उपदफा (२) मा उल्लेख भएमध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनुपर्छ ।

(र) **'सार्वजनिक तथा सामाजिक उत्तरदायित्व'** भन्नाले महानगरपालिकाले प्रवाह गर्ने सेवा तथा काम, कर्तव्य र अधिकारका क्षेत्रमा गैरसरकारी संस्था, निजी क्षेत्र, कम्पनी, फर्म वा व्यक्तिले सामाजिक वा परोपकारी भावनाले प्रेरित भई वा

संस्थागत दायित्व पूरा गर्न निर्वाह गरिने सार्वजनिक तथा सामाजिक उत्तरदायित्व सम्झनुपर्छ ।

(ल) **'संयुक्त सार्वजनिक साझेदारी'** भन्नाले महानगरपालिका र अन्य सरकारी वा स्थानीय तह वा सरकारी स्वामित्वमा रहेका वा सरकारको लगानी भएको वा सरकारको लगानी भएको संस्थाको लगानी भएको संस्थाहरूसँग साझेदारी वा संयुक्त लगानी गरिने कार्यलाई सम्झनुपर्छ ।

(व) **'संघीय कानुन'** भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ र यस सम्बद्ध अन्य संघीय कानुनलाई समेत जनाउँछ ।

परिच्छेद– २
सार्वजनिक निजी साझेदारी सम्बन्धी व्यवस्था

३. **सार्वजनिक निजी साझेदारी लगानीबाट परियोजना कार्यान्वयन गर्न सकिने :** (१) महानगरपालिकाले पूर्वाधार संरचना तथा सेवा क्षेत्रका कुनै परियोजना सार्वजनिक निजी साझेदारी लगानीबाट यस ऐन तथा प्रचलित कानुनबमोजिम सञ्चालन गर्न सक्नेछ ।

तर वित्तीय, प्राविधिक वा सञ्चालनसम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट हुने काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने परियोजना सार्वजनिक निजी साझेदारी लगानीबाट कार्यान्वयन गरिने छैन ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक निजी साझेदारीबाट परियोजना कार्यान्वयन गर्दा देहायको कुनै तरिका अपनाउन सकिनेछ-

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) व्यवस्थापन, सञ्चालन तथा हस्तान्तरण

(झ) पुर्नस्थापना, सञ्चालन तथा हस्तान्तरण

(ञ) अन्य यस्तै तरिकाबाट ।

४. **प्राथमिकता निर्धारण** : (१) महानगरपालिकाले सार्वजनिक निजी साझेदारीबाट कार्यान्वयन गरिने परियोजनाको प्राथमिकताका क्षेत्र बोर्डले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्राथमिकताको क्षेत्रलाई बोर्डले समय समयमा थप वा संशोधन गर्न सक्नेछ ।

५. **परियोजना पहिचान** : (१) बोर्डले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी सूची तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा परियोजनाको सर्भेक्षणलगायतको अध्ययन भए वा नभएको तथा तोकिएबमोजिमका अन्य विवरण समेतका आधारमा प्राथमिकता निर्धारण गर्नु पर्नेछ ।

(३) यस दफाबमोजिम परियोजना पहिचान गरी सूची निर्धारण गर्दा प्राविधिक तथा वित्तीय विषयहरूमा लगानी बोर्डसँग परामर्श लिन सकिनेछ ।

६. **परियोजना स्वीकृत गराउनुपर्ने** : (१) पच्चिस करोडभन्दा बढी लागत भएका दफा ५ बमोजिम पहिचान गरी सूचीकृत गरिएका सार्वजनिक निजी साझेदारी वा निजी लगानीबाट सञ्चालन हुने परियोजनाहरू कार्यान्वयन गर्ने सम्बन्धमा कार्यपालिकाबाट, पाँच करोडभन्दा बढी र पच्चिस करोडसम्मको परियोजना प्रमुखबाट र पाँच करोडसम्मको परियोजना सम्बन्धित वडा समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

तर, एकभन्दा बढी वडा क्षेत्रमा सञ्चालन हुने परियोजना वा एकाइबाट परियोजना सञ्चालन गर्न उपयुक्त हुने भनी बोर्डले निर्णय गरेको परियोजना पाँच करोडभन्दा कम लागत अनुमानको भए तापनि प्रमुखबाट स्वीकृत गर्न र सञ्चालन गर्न यस प्रावधानले बाधा पुगेको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम परियोजना स्वीकृत गराउँदा दफा ३ को उपदफा (२) मा उल्लिखित तरिकामध्ये कुन तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सोको व्यहोरा उल्लेख गर्नुपर्नेछ ।

(३) महानगरपालिका अन्तर्गत एकै प्रकृतिका एकभन्दा बढी परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिनेछ ।

७. **परियोजनाको सूची प्रकाशन गर्ने** : दफा ६ बमोजिम परियोजना स्वीकृत भएपश्चात् महानगरपालिकाले परियोजनाको सूची सार्वजनिक गर्नेछ ।

८. **आशयपत्र आह्वान गर्ने** : (१) दफा ७ बमोजिम स्वीकृत परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयनका लागि महानगरपालिकाले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका विवरण खुलाउनु पर्नेछ :

(क) आशयपत्र पेश गर्ने कार्यालय,

(ख) आशयपत्र पेश गर्ने अवधि,

(ग) आशयपत्रमा खुलाउनुपर्ने विवरण,

(घ) आशयपत्र साथ संलग्न गर्नुपर्ने कागजातहरू,

(ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता,

(ङ) तोकिएबमोजिमका अन्य विवरण ।

९. **आशयपत्र पेश गर्ने** : परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिएबमोजिमका सर्तका अधीनमा रही दफा ८ बमोजिमको सूचनामा उल्लिखित अवधिभित्र एकाइमा आशयपत्र पेश गर्नु पर्नेछ ।

१०. **सङ्क्षिप्त सूची तयार गर्ने** : (१) दफा ९ बमोजिमको आशयपत्र प्राप्त भएपश्चात् दफा ४५ बमोजिमको मूल्याङ्कन समितिले स्वीकृत प्रस्तावमा उल्लिखित आधारमा मूल्याङ्कन गरी प्रस्तावकहरूको सङ्क्षिप्त सूची तयार गर्नु पर्नेछ ।

(२) प्रथमपटक न्युनतम तीनवटा, दोस्रोपटक दुईवटा र त्यसपछि एउटा प्रस्ताव प्राप्त भए पनि मूल्याङ्कन गरिनेछ ।

११. **प्रस्ताव आह्वान गर्ने** : (१) दफा १० बमोजिम सङ्क्षिप्त सूची तयार गरेपश्चात् महानगरपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी सो सूचीमा परेका प्रस्तावकहरूसँग तोकिएबमोजिमका विषयहरू खुलाई प्राविधिक र आर्थिक प्रस्ताव आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले प्रस्तावमा उल्लिखित विवरणहरू खुलाई सूचनामा उल्लिखित अवधिभित्र महानगरपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

१२. **प्रस्ताव छनौट गर्ने** : (१) दफा ११ को उपदफा (२) बमोजिम प्रस्ताव प्राप्त भएपछि दफा ४५ बमोजिमको मूल्याङ्कन समितिबाट देहायका आधारमा प्रस्ताव छनौट गरिनेछ :

(क) तोकिएको समयमै निर्माण सम्पन्न गर्ने आधार सहितको प्राविधिक प्रस्ताव,

(ख) महानगरपालिकालाई बुझाउनुपर्ने रोयल्टी रकम भए प्रस्तावित रोयल्टी रकम,

(ग) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित महसुल लगायतका विषय उल्लिखित आर्थिक प्रस्ताव ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौटसम्बन्धी आधारका अतिरिक्त वातावरण व्यवस्थापन तथा अन्य विवरणहरू समेत आवश्यकताअनुसार महानगरपालिकाले सूचनामा उल्लेख गरेको हुनुपर्नेछ ।

(३) प्रस्ताव छनौट गरेपछि महानगरपालिकाले त्यसको जानकारी तोकिएको अवधिभित्र प्रस्तावकलाई दिनु पर्नेछ ।

(४) यस दफाबमोजिमको प्रस्ताव छनौटसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१३. **आह्वान नगरिएको प्रस्ताव :** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावक स्वयम्ले सार्वजनिक निजी साझेदारीको माध्यमबाट परियोजना कार्यान्वयन गर्नको लागि महानगरपालिकासमक्ष प्रस्ताव पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा देहायका विषयहरू उल्लेख गर्नुपर्नेछ :

(क) परियोजनाको विवरण,

(ख) प्रस्तावकको प्राविधिक तथा वित्तीय क्षमता सहितको विवरण (प्रोफाइल),

(ग) परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदन भए त्यस्तो प्रतिवेदन,

(घ) प्रस्तावित व्यावसायिक योजना,

(ङ) परियोजनामा प्रयोग हुने प्रविधि,

(च) परियोजनाबाट प्राप्त हुने सम्भावित लाभको विवरण ।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव दफा ४५ बमोजिमको मूल्याङ्कन समितिको सिफारिसको आधारमा सो परियोजनाको अध्ययन तथा सर्भेक्षण अनुमति वा परियोजना विकास वा सञ्चालनको लागि मूल्याङ्कन समितिले तोकिएको प्रक्रिया पूरा गरी दफा ६ बमोजिम इजाजतपत्र प्रदान गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको परियोजना प्रस्तावलाई मूल्याङ्कन गर्दा सार्वजनिक निजी साझेदारीमा निर्माण हुने परियोजना प्रतिस्पर्धाको आधारमा अगाडि बढाउँदा लाभदायी हुने देखिएमा सोही प्रस्तावलाई 'स्वीस च्यालेन्ज'का आधारमा महानगरपालिकाले प्रतिस्पर्धा गराउन सक्नेछ ।

स्पष्टीकरण: *स्विस च्यालेन्ज भन्नाले महानगरपालिकाले कुनै सेवा क्षेत्र वा सडक, रेल जस्ता सार्वजनिक परियोजनाका लागि आह्वान नगरिएको प्रस्ताव प्राप्त गरेको अवस्थामा उक्त प्रस्ताव भन्दा राम्रो प्रस्ताव प्राप्त हुन सक्ने अभिप्रायले उपयुक्त प्रस्ताव चयन गर्न प्राप्त प्रस्तावलाई कुनै पनि विधि वा प्रक्रियाबाट तेस्रो पक्षलाई समेत आह्वान गरी वा सार्वजनिक गरी मूल्याङ्कन गरिने विधि सम्झनुपर्छ ।*

(५) उपदफा (१) बमोजिमको प्रस्तावउपर वार्ता गर्दा प्रस्तावकबाहेक अन्य कुनै प्रस्तावकको प्रस्ताव स्वीकृत भएमा स्वीकृत भएको प्रस्तावकबाट उपदफा (१) बमोजिमको प्रस्तावकलाई तोकिएबमोजिमको परियोजना विकासको क्रममा भएको प्रारम्भिक खर्च र अध्ययन तथा विकासको क्रममा सम्बन्धित निकायको कुनै खर्च भएको अवस्थामा सोसमेतको सोधभर्ना तोकिएबमोजिम उपलब्ध गराउन सकिनेछ ।

१४. वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्ने : (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तिमा दुईपटक आशयपत्र वा प्रस्ताव आह्वान गर्दा पनि छनौट हुन नसकेको अवस्थामा त्यस्तो परियोजना महानगरपालिकाले सोझै वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिब हुने देखिएमा त्यस्तो परियोजना दफा ६ बमोजिमको अधिकार प्राप्त अधिकारीबाट निर्णय भएबमोजिम वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ :

(क) परियोजनाको प्रकृति वा लागतको कारण आर्थिक तथा प्राविधिक रूपमा प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको परियोजना,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको परियोजना,

(ग) विशेष प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी छनौट गरिएको परियोजना,

(घ) 'स्वीस च्यालेन्ज'लाई आधार मानी प्रतिस्पर्धा गराउँदा समेत असफल भएको परियोजना ।

(३) उपदफा (१) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने प्रस्तावकले तोकिएका विषयहरू खुलाई महानगरपालिकासमक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावलाई तोकिएबमोजिम मूल्याङ्कन गरी कार्यपालिकाले वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ ।

१५. वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन (डिपीआर) गर्न सक्ने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि

विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न चाहने व्यक्तिले सोको अनुमतिको लागि महानगरपालिकासमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनउपर जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्ने अनुमति दिन मनासिब देखिएमा बोर्डले निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न/गराउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा/गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने-गराउने व्यक्ति स्वयम्ले व्यहोर्नु पर्नेछ ।

(४) यस दफाबमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयन गर्नको लागि प्रतिस्पर्धा गराइएको अवस्थामा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने /गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा/गराउँदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम व्यहोरिने रकमको निर्धारण स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गराइनेछ ।

(६) यस दफाबमोजिम परियोजनाका सम्बन्धमा तयार पारिएको अध्ययन प्रतिवेदनका आधारमा त्यस्तो परियोजना यस ऐनबमोजिम कार्यान्वयन गरिनेछ ।

१६. **अनुमतिपत्र दिनुपर्ने**: (१) यस ऐनबमोजिम प्रस्ताव छनौट वा स्वीकृति प्रदान गरेपछि बोर्डले प्रस्तावकलाई तोकिएबमोजिमको सर्तहरू तथा ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन-अनुमति दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समझदारी गर्दा समयभित्र नै कार्य सम्पन्न गर्ने प्रयोजनका लागि २(दुई) प्रतिशत परफर्मेन्स बण्ड राख्नुपर्नेछ ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम बोर्डबाट परियोजना स्वीकृत भई उपदफा (१) बमोजिम अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गरेको अवस्थामा प्रचलित कानुनको रीत पुऱ्याई जारी भएको मानिनेछ ।

परिच्छेद- ३
साझेदारी बोर्डसम्बन्धी व्यवस्था

१७. साझेदारी बोर्डको गठनः (१)सार्वजनिक निजी साझेदारी, निजी लगानी, संयुक्त सार्वजनिक साझेदारी र सार्वजनिक तथा सामाजिक उत्तरदायित्वअन्तर्गत सञ्चालन हुने आयोजनाहरूका लागि समग्र व्यवस्थापन गर्न महानगरपालिकामा एक साझेदारी बोर्ड रहनेछ ।

(२) उपदफा (१) बमोजिमको साझेदारी बोर्डको गठन देहायबमोजिम हुनेछ :-

(क) प्रमुख - **अध्यक्ष**

(ख) उपप्रमुख - **सदस्य**

(ग) प्रमुख प्रशासकीय अधिकृत **- सदस्य**

(घ) आयोगको उपाध्यक्ष **- सदस्य**

(ङ) प्रमुखले तोकेका वडा अध्यक्ष तीन जना - **सदस्य**

(च) प्रमुखले तोकेको सार्वजनिक निजी साझेदारी क्षेत्रको विज्ञ एक जना **- सदस्य**

(झ) महानगरपालिकाको सार्वजनिक निजी साझेदारी एकाइ प्रमुख **- सदस्य सचिव**

(३) बोर्डले परियोजना सञ्चालन हुने वडा क्षेत्रका वडा अध्यक्ष, सम्बन्धित विषयमा अनुभव भएको तथा विशेषज्ञता हासिल गरेको कुनै व्यक्ति तथा महानगरपालिकाको विषय सम्बद्ध कर्मचारीलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) वडा तहबाट गरिने निजी क्षेत्रसँगको साझेदारी परियोजनाको स्वीकृति वडा समितिको निर्णयबमोजिम हुनेछ । साझेदारी परियोजनासम्बन्धी निर्णय गर्ने वडा समितिको बैठकमा एकाइको प्रतिनिधि आमन्त्रित सदस्य रहनेछ ।

१८. **बोर्डको बैठक र निर्णय :** (१) बोर्डको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) बोर्डको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् ।

(३) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षले निर्णायक मत दिनेछन् ।

(४) बोर्डको बैठक आवश्यकताअनुसार बस्नेछ ।

(५) बोर्डको बैठकसम्बन्धी अन्य कार्यविधि बोर्ड आफैँले निर्धारण गरेबमोजिम हुनेछ ।

(६) बोर्डको निर्णय अध्यक्षले प्रमाणीकरण गर्नेछन् र उक्त निर्णय-पुस्तिका सदस्य-सचिवको जिम्मामा रहनेछ ।

(७) बोर्डको बैठक बस्दा कार्यपालिकाको सदस्यले पाएसरह बैठक भत्ता, खाजा तथा खाना खर्च र विज्ञका हकमा परिवहन सुविधा उपलब्ध हुनेछ ।

१९. **बोर्डको काम, कर्तव्य र अधिकार :** बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) महानगरपालिका क्षेत्रभित्रका सम्भाव्य परियोजनाहरूको विवरण सङ्कलन गरी त्यस्ता

परियोजनाहरूको अध्ययन एवम् परियोजनाको सूची तयार गर्ने/गराउने,

(ख) सार्वजनिक निजी साझेदारी वा निजी क्षेत्रबाट कार्यान्वयन हुने परियोजनाहरूमध्ये प्रतिस्पर्धात्मक वा विशेष प्राथमिकताका परियोजनाको छनौट गर्ने/गराउने,

(ग) प्रतिस्पर्धात्मक रूपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरूको पारदर्शिता, स्वच्छता र प्रतिस्पर्धाको सुनिश्चितता हुने गरी प्राविधिक, वित्तीय क्षमता तथा समयमै परियोजना सम्पन्न गर्ने आधार मूल्याङ्कन गरी त्यस्ता परियोजनाहरूको पूर्व-योग्यताको सूची तयार, प्रस्ताव आह्वान, प्रस्तावको मूल्याङ्कन, परियोजना स्वीकृति, लगानी स्वीकृति तथा अध्ययन अनुमति, इजाजत वा अन्य यस्तै प्रकारका स्वीकृति प्रदान गर्ने तथा आवश्यकता अनुसार त्यस्ता परियोजनाका प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने/गराउने,

(घ) विशेष प्राथमिकताका परियोजनाहरूको रूपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरूको वार्तामार्फत् परियोजना विकास, निर्माण तथा सञ्चालन गर्ने गरी सम्झौता गर्ने/गराउने,

(ङ) आह्वान नगरिएका, बोर्डमा सोझै प्राप्त हुन आएका प्रस्तावहरूको आवश्यकताअनुसार अध्ययन/छलफल गरी उपयुक्त प्रस्तावलाई सर्वेक्षण अनुमतिपत्र दिने र त्यस्ता प्रस्तावमा उल्लिखित परियोजनाको लागि प्रचलित कानुनबमोजिम आवश्यक पर्ने अनुमतिपत्र,

इजाजतपत्र, लगानी स्वीकृति तथा सहमति प्रदान गर्ने वा प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने/गराउने,

(च) स्वीकृत परियोजनाको अध्ययन गरी सम्झौताबमोजिम निर्माण, कार्यान्वयन वा सञ्चालन भए वा नभएको अनुगमन गर्ने/गराउने,

(छ) पूर्वाधार निर्माण तथा परियोजना विकासलगायत लगानीका क्षेत्रमा सम्मिश्रित वित्तसम्बन्धी कार्य गर्ने,

(ज) आर्थिक वा गैरआर्थिक सुविधा उपलब्ध गराउनुपर्ने भएमा आवश्यक निर्णय प्रक्रियाका लागि कार्यपालिकामा पेश गर्ने,

(झ) स्वीकृत परियोजनाको वातावरणीय अध्ययनका लागि वन तथा वातावरणसम्बन्धी अनुमति लिनुपर्ने भएमा तोकिएबमोजिमको प्रक्रियाअनुरूप अनुमति दिन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ञ) परियोजना विकास, लगानी प्रवर्द्धन तथा परियोजना कार्यान्वयनका लागि नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय अन्य स्थानीय सरकार एवम् सरकारी तथा निजी क्षेत्रबिच समन्वय गर्ने,

(ट) स्वीकृत परियोजनाहरूको कार्यान्वयनका लागि शीघ्र निर्णय गर्ने र समस्याको छिटोछरितो सेवा प्रदान गर्ने,

(ठ) सम्झौताबमोजिम वित्तीय व्यवस्थापन भईसकेपछि त्यस्तो सम्झौताबमोजिम परियोजना कार्यान्वयनको अनुगमन गर्ने/गराउने,

(ड) लगानीकर्तालाई अनुमति वा इजाजत प्रदान गरेबापत वा परियोजना विकास गर्न पुऱ्याएको सेवा तथा सहजीकरणबापत तोकिएको शुल्क तथा दस्तुर सङ्कलन गर्न आवश्यक समन्वय गर्ने,

(ढ) सार्वजनिक निजी साझेदारी, संयुक्त सार्वजनिक लगानी, निजी लगानी र सार्वजनिक सामाजिक उत्तरदायित्व प्रवर्द्धनसम्बन्धी तोकिएबमोजिमका अन्य कार्य गर्ने/गराउने ।

२०. **निर्देशन दिन सक्ने** : बोर्डले परियोजनाको कार्यान्वयनको सम्बन्धमा सम्बन्धित लगानीकर्तालाई समयसमयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

२१. **विशेषज्ञ कार्यदल** : (१) परियोजना लगानीको कुनै खास प्राविधिक पक्षको अध्ययन तथा विश्लेषण गरी सुझाव दिन बोर्डले कार्यादेशसहित कार्य अवधि तोकी सम्बन्धित क्षेत्रका विशेषज्ञसहितको एक कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सदस्य तथा पदाधिकारीहरूको सुविधा बोर्डले तोकेबमोजिम हुनेछ ।

परिच्छेद- ४
सार्वजनिक निजी साझेदारी एकाइसम्बन्धी व्यवस्था

२२. **सार्वजनिक निजी साझेदारी एकाइ गठन हुने** : (१) महानगरपालिकामा सार्वजनिक निजी साझेदारी अवधारणाअन्तर्गत कार्यान्वयन हुने परियोजनाहरूको सम्भाव्यता अध्ययन तथा विकासकर्ता छनौट गर्न, परियोजनाहरूको निर्माण, सञ्चालन तथा अन्य विषयहरूमा सहजीकरण गर्न प्रमुख मातहत रहने गरी

प्रशासनिक एकाइको रूपमा एक सार्वजनिक निजी साझेदारी एकाइ रहनेछ ।

(२) यस ऐनमा लेखिएका कुराहरूको अतिरिक्त सार्वजनिक निजी साझेदारी एकाइको काम, कर्तव्य तथा अधिकारहरू देहायबमोजिम हुनेछः-

(क) सार्वजनिक निजी साझेदारी सम्बन्धी नीतिगत विषयमा कार्यनीति, कार्यविधि तथा निर्देशिका मस्यौदा गरी बोर्डसमक्ष पेश गर्ने,

(ख) सार्वजनिक निजी साझेदारीमा परियोजना कार्यान्वयन गर्ने लगानीकर्तालाई आवश्यक राय, सुझाव वा परामर्श दिने तथा मार्गदर्शन गर्ने,

(ग) सार्वजनिक निजी साझेदारी सम्बन्धी आशयपत्र आह्वान, पूर्व-योग्यता तथा प्रस्ताव आह्वानपत्र तथा परियोजना सम्झौताको मस्यौदा तयार गर्ने, जारी गर्ने तथा लागू गर्ने,

(घ) सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने स्वीकृत परियोजनाको परियोजना बैंक तयार गरी अध्यावधिक गर्ने,

(ङ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको सम्भाव्यता अध्ययन, परियोजना तयारी विषयका विवरणको मूल्याङ्कन गरी राय प्रतिक्रिया दिने,

(च) सार्वजनिक निजी साझेदारीमा सञ्चालित परियोजनाहरूको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक राय, प्रतिक्रिया तथा सुझाव दिने,

(छ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाहरूको साझेदार छनौट गर्ने प्रक्रिया तयार गरी बोर्डमा पेश गर्ने,

(ज) अन्तर्राष्ट्रिय सार्वजनिक निजी साझेदारीका असल अभ्यास तथा अनुभवहरूका सम्बन्धमा नियमित अनुसन्धान गर्ने तथा महानगरपालिकामा सार्वजनिक निजी साझेदारी ढाँचाको लागि उपयुक्त हुने विषयहरू अवलम्बन गर्ने,

(झ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने आयोजनाको तयारी तथा कार्यान्वयनमा लगानीकर्तालाई आवश्यक सहयोग गर्ने,

(ञ) सार्वजनिक निजी साझेदारी लगानीसम्बन्धी विषयहरूमा क्षमता विकासको लागि आवश्यक तालिम, गोष्ठी, सम्मेलन आदिको आयोजना गर्ने,

(ट) सार्वजनिक निजी साझेदारी परियोजनासँग सम्बन्धित सूचनाहरू सङ्कलन गरी अभिलेखीकरण गर्ने,

(ठ) बोर्डप्रति जवाफदेही भई कार्य गर्ने,

(ड) बोर्डले दिएको निर्देशन पालना गर्ने,

(ढ) मूल्याङ्कन समिति तथा कार्यदलहरूसँग समन्वय गरी कार्य गर्ने तथा सहजीकरण गर्ने,

(ण) सार्वजनिक निजी साझेदारीसम्बन्धी नीति, नियम, नमुना कागजातहरू, परियोजनाहरूको विवरण, सार्वजनिक निजी साझेदारी परियोजनाको वस्तुस्थिति तथा विवरण तथा सूचनाहरूको सम्प्रेषक भई कार्य गर्ने,

(त) यस ऐनबमोजिम सञ्चालन हुने परियोजनाहरूको त्रैमासिक रूपमा कार्य सम्पादन प्रतिवेदन अद्यावधिक गरी बोर्डसमक्ष पेश गर्ने,

(थ) बोर्डको सचिवालयको रूपमा कार्य गर्ने,

(द) बोर्डले तोकेबमोजिम अन्य कार्य गर्ने, गराउने ।

(३) उपदफा (१) बमोजिमको एकाइमा आवश्यकताअनुसार कर्मचारी रहनेछन् ।

परिच्छेद- ५
निजी लगानी सम्बन्धी व्यवस्था

२३. **निजी लगानी**: (१) बोर्डले दफा ५ बमोजिम पहिचान गरेका परियोजनाहरू निजी क्षेत्रको लगानीमा निर्माण, सञ्चालन र व्यवस्थापन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका परियोजनाहरूको सर्वेक्षण, सहजीकरण तथा लगानीको स्वीकृति दफा ६ बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम निजी लगानीसम्बन्धी परियोजनाहरूको लागि तोकिएबमोजिमका आधारमा प्रस्तावको मूल्याङ्कन गरी अनुमति वा इजाजत प्रदान गरिनेछ ।

२४. **परियोजना सूचिकृत हुने** : नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग वाणिज्य संघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल इन्जिनियर एसोयिसन, निर्माण व्यवसायी महासंघ, घरेलु उद्योग संघ तथा महासंघ, वित्तिय संस्था वा यस्तै प्रकृतिका अन्य संघसंस्थाले सिफारिस गरेको प्रस्ताव प्राप्त भएमा एकाइले बोर्डसमक्ष पेश गर्नेछ । त्यस्ता परियोजना प्रस्तावको उपयुक्तता र प्रभावकारिता जाँच गरी परियोजना बैंकमा बोर्डले सूचीकृत गर्न सक्नेछ ।

२५. **समझदारी गरी इजाजतपत्र प्रदान गर्ने** : दफा २४ बमोजिम प्रस्ताव स्वीकृत भएमा कार्यान्वयनका लागि बोर्डले तोकेको सर्त र ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन अनुमतिपत्र प्रदान गरिनेछ ।

परिच्छेद- ६
सम्झौतासम्बन्धी व्यवस्था

२६. **परियोजनाको विवरण पेश गर्नुपर्ने** : (१) दफा ३ बमोजिम सार्वजनिक निजी साझेदारीमा र दफा २५ बमोजिम निजी लगानीमा परियोजना कार्यान्वयन गर्न समझदारी गरेकोमा त्यस्तो समझदारीपत्रमा उल्लिखित समयावधिभित्र प्रस्तावकले परियोजना कार्यान्वयन गर्न तोकिएबमोजिमका विवरणहरू बोर्डसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा त्यसको आधार र कारण खुलाई थप अवधि माग गरी बोर्ड समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदनउपर जाँचबुँझ गर्दा प्रस्तुत आधार र कारण मनासिब देखिएमा बोर्डले त्यस्तो विवरण पेश गर्न एकपटकको लागि थप समय दिन सक्नेछ ।

२७. **सम्झौता गर्नुपर्ने** : (१) दफा १६ र दफा २५ बमोजिम भएको समझदारीपत्र तथा दफा २६ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौताका सर्तलगायतका विषयमा दफा ४५ बमोजिमको मूल्याङ्कन समितिले वार्ता गरी सम्झौताको मस्यौदा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरेको सम्झौताको मस्यौदाउपर बोर्डले प्रस्तावकसँग आवश्यक भएमा पुनः छलफल गरी सम्झौतामा देहायका कुराहरू खुलाई सम्झौताको अन्तिम मस्यौदा तयार गर्नेछ :

(क) परियोजनाको विवरण,

(ख) परियोजना सुरु र सम्पन्न गर्ने मिति र कार्यतालिका,

(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत,

(घ) परियोजनामा गरिने लगानी र सोको ग्यारेन्टी सम्बन्धी व्यवस्था,

(ङ) अनुमतिपत्रको अवधि,

(च) परियोजना कार्यान्वयनको चरणबद्ध विवरण र कार्यान्वयन तालिका,

(छ) परियोजनाको प्राविधिक गुणस्तर तथा मापदण्ड,

(ज) परियोजना सञ्चालनसम्बन्धी विवरण,

(झ) परियोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त,

(ञ) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने महसुलसम्बन्धी व्यवस्था,

(ट) परियोजनाको बीमासम्बन्धी व्यवस्था,

(ठ) परियोजनामा जडित मेशिन तथा परियोजना हस्तान्तरणका बखत हुनुपर्ने अवस्था र गुणस्तर,

(ड) महानगरपालिकालाई बुझाउनुपर्ने शुल्क तथा रोयल्टी र भुक्तानी विधि,

(ढ) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौताबमोजिमको दायित्व पुरा नगरेको कारणबाट क्षतिपूर्ति र सम्झौता रद्द हुने अवस्था,

(ण) परियोजनामा महानगरपालिकाको कुनै लगानी हुने भए त्यस्तो लगानी र सोबापत महानगरपालिकाले प्राप्त गर्ने प्रतिफल,

(त) जग्गा प्राप्तिसम्बन्धी व्यवस्था,

(थ) थप परियोजना अध्ययन तथा सञ्चालन गर्न दिने भए सोसम्बन्धी व्यवस्था,

(द) सवलिज गर्न सक्ने भए सोसम्बन्धी सर्त तथा अन्य व्यवस्था,

(ध) परियोजना हस्तान्तरण गर्ने भएमा त्यस्तो निकाय,

(न) अन्य आवश्यक विषयहरू ।

२८. **सम्झौता कार्यान्वयन** : (१) यस ऐनबमोजिम सम्पन्न भएको सम्झौता कार्यान्वयनको लागि सम्बद्ध निकायबाट सम्झौताको सर्तबमोजिम प्राप्त गर्नुपर्ने इजाजत, स्वीकृति लगायतका सम्पूर्ण दायित्व लगानीकर्ताले बहन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता कार्यान्वयन गर्दा सरोकारवाला सम्बद्ध निकायहरूसँग महानगरपालिकाले आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्नुपर्नेछ ।

(३) यस दफाबमोजिम सम्झौता कार्यान्वयन गर्ने सिलसिलामा प्रस्तावकले सम्झौताका शर्तहरूको अधिनमा रही कार्ययोजना निर्माण गरी परियोजना कार्यान्वयन गर्नुपर्नेछ ।

२९. **सम्झौता रद्द गर्नसक्ने** : यस ऐनबमोजिमको परियोजना सञ्चालन गर्न गरिएको सम्झौतामा उल्लिखित सर्तहरूको पालना नगरेमा वा तोकिएको समयमा कार्यसम्पादन नभएमा लगानीकर्तालाई यस ऐनबमोजिम प्रदान गरिएको अनुमतिपत्र/इजाजतपत्र सहित बोर्डले सम्झौता रद्द गर्न सक्नेछ ।

परिच्छेद- ७
सुविधा तथा प्रोत्साहनसम्बन्धी व्यवस्था

३०. **कानुनबमोजिमको सुविधा पाउने** : यस ऐनबमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐन तथा सम्झौताबमोजिमको सुविधाको अतिरिक्त प्रचलित संघीय कानुन, प्रदेश कानुन र

महानगरपालिका सम्बद्ध अन्य कानुनबमोजिम पाउने संरक्षण, सुविधा, सहुलियत तथा छुटसमेत प्राप्त गर्न सक्नेछ ।

३१. **सम्भाव्यता न्यून-परिपुरक कोष (भायविलिटी ग्याप फण्डिङ्ग) को व्यवस्था** : (१) महानगरपालिकाले दीर्घकालीन रूपमा सकारात्मक प्रतिफल दिने तथा पूर्वाधार संरचनाको दृष्टिकोणले महत्वपूर्ण देखिएको तर वित्तीय रूपमा तत्काल मनासिव प्रतिफल दिन नसक्ने परियोजनाको निर्माण, सञ्चालन तथा विस्तारको लागि एक सम्भाव्यता न्यून-परिपूरक (भायविलिटी ग्याप) कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषबाट तोकिएबमोजिमको मापदण्डको आधारमा तोकिएबमोजिमको परियोजनाको लागि बोर्डको सिफारिस र महानगरपालिकाको निर्णयमा आवश्यक रकम पूँजीगत तथा सञ्चालन अनुदान वा ऋण प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा नगरसभाले आवश्यक रकम विनियोजन गर्नेछ ।

(४) महानगरपालिकाको कार्यक्षेत्रभित्रको कुनै परियोजनामा संघीय ऐनबमोजिम स्थापना भएको सम्भाव्यता न्यून-परिपूरक कोष (भायविलिटी ग्याप फण्डिङ्ग) बाट रकम प्रयोग गर्न आवश्यक भएमा बोर्डले निर्णय गरी नेपाल सरकार, लगानी बोर्डसमक्ष अनुरोध गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था बोर्डले तोकेबमोजिम हुनेछ ।

परिच्छेद– ८
सार्वजनिक तथा सामाजिक उत्तरदायित्व

३२. **लगानीका क्षेत्रहरू** : सार्वजनिक तथा सामाजिक उत्तरदायित्व अन्तर्गत लगानी गर्न चाहने प्रस्तावकले देहायका क्षेत्रमा लगानी गर्न सक्नेछन्:

(क) उद्यान निर्माण तथा सञ्चालन,

(ख) वृक्षरोपण तथा हरियाली प्रवर्द्धन,

(ग) सार्वजनिक शौचालय निर्माण, सञ्चालन तथा व्यवस्थापन,

(घ) आकासे पुल र यात्रु प्रतिक्षालय निर्माण, सञ्चालन तथा व्यवस्थापन,

(ङ) सूचना प्रविधि सम्बद्ध क्षेत्र,

(च) ट्राफिक आइल्याण्ड निर्माण तथा सञ्चालन,

(छ) खानेपानी तथा सरसफाइको व्यवस्था,

(ज) सहरी सौन्दर्यकरणको कार्यक्रम,

(झ) शिक्षा, स्वास्थ्य र विपद् व्यवस्थापन,

(ञ) सडकपेटी, साइकल लेन तथा अन्य सेवा क्षेत्र ।

(ट) सार्वजनिक, सामाजिक तथा आर्थिक र शैक्षिक पूर्वाधारका क्षेत्र ।

(ठ) महानगरले निर्धारण गरेका अन्य क्षेत्र ।

३३. प्रस्ताव माग गर्ने : (१) महानगरपालिका क्षेत्रभित्रका दफा ३२ मा उल्लिखित भएबमोजिमका क्षेत्रमा सार्वजनिक तथा सामाजिक उत्तरदायित्वको माध्यमबाट पूर्वाधार विकास तथा सेवाप्रवाह सम्बद्ध क्षेत्रमा लगानी गर्न इच्छुक प्रस्तावकको लागि कम्तिमा सात दिनको सार्वजनिक सूचना प्रत्येक आर्थिक वर्षको माघ महिनामा प्रकाशित गरी लगानीको प्रस्ताव माग गर्नुपर्नेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक तथा सामाजिक उत्तरदायित्वअन्तर्गत लगानी गर्न चाहने प्रस्तावकले दफा ३२ मा उल्लिखित क्षेत्रमा परियोजना सञ्चालनको

लागि दफा ३४ बमोजिमको विवरण समावेश गरी महानगरपालिका समक्ष जुनसुकै समयमा प्रस्ताव पेश गर्न सक्नेछ ।

३४. **प्रस्ताव पेश गर्ने प्रक्रिया**: (१) यस ऐनबमोजिम सार्वजनिक तथा सामाजिक उत्तरदायित्वको माध्यमबाट पूर्वाधार विकास वा सेवामा लगानी गर्न चाहने प्रस्तावकले देहायका विवरण समावेश गरी प्रस्ताव पेश गर्नुपर्नेछ :

(क) व्यहोरा खुलेको निवेदन,

(ख) परियोजनाको विस्तृत विवरण,

(ग) परियोजनाको डिजाइन,

(घ) कम्पनीको प्रोफाइल,

(ङ) लगानीको स्रोत र रकम,

(च) परियोजनाको सञ्चालन तथा मर्मत गर्ने तरिका,

(छ) परियोजना हस्तान्तरणको तरिका,

(ज) प्रस्तावका अन्य कुराहरू ।

(२) दफा (१) बमोजिमको प्रस्ताव एकाइमा पेश/दर्ता गर्नु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावकले प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतसमक्ष सोझै प्रस्ताव पेश गर्न सक्नेछ ।

(४) यस दफाबमोजिमको प्रस्तावमा उल्लिखित कागजात नपुग भएमा एकाईले प्रस्तावकसँग आवश्यक कागजात माग गर्न तथा थप छलफल गर्न सक्नेछ ।

(५) सार्वजनिक तथा सामाजिक उत्तरदायित्वअन्तर्गत प्रस्ताव पेश गर्ने प्रस्तावकहरूको एकै परियोजनाका लागि एकभन्दा बढी प्रस्ताव पेश हुन आएमा यस ऐनबमोजिम गठन हुने मूल्याङ्कन

समितिले मूल्याङ्कन गरी छनौट भएबमोजिम सम्झौता गरी कार्यान्वयन गर्नुपर्नेछ ।

३५. **डिजाइन, परियोजना तथा लागत अनुमानको स्वीकृति** : पूर्वाधार विकासमा सार्वजनिक तथा सामाजिक उत्तरदायित्वको कार्यक्रम अन्तर्गत लगानी गर्न चाहने प्रस्तावकहरूबाट प्राप्त प्रस्तावको डिजाइन, परियोजना तथा लागत अनुमानको स्वीकृति देहायका पदाधिकारीले गर्नेछन् :

(क) पच्चिस करोडसम्म लागत भएको परियोजना एकाइ प्रमुखबाट ।

(ख) पचास करोडसम्म लागत भएको परियोजना प्रमुख प्रशासकीय अधिकृतबाट ।

(ग) पचास करोडभन्दा माथि लागत भएको परियोजनाको हकमा प्रमुखबाट ।

३६. **सम्झौता गर्नुपर्ने** : परियोजना स्वीकृत भएपश्चात् एकाइले सार्वजनिक तथा सामाजिक उत्तरदायित्वअन्तर्गत लगानी गर्ने प्रस्तावकसँग देहायका कुरासमेत उल्लेख गरी सम्झौता गर्नुपर्नेछ :

(क) परियोजनाको विस्तृत विवरण,

(ख) परियोजना सुरु र सम्पन्न गर्ने मिति,

(ग) सम्झौताको अवधि,

(घ) सम्झौता नवीकरण हुने वा नहुने कुरा,

(ङ) परियोजनाको प्राविधिक गुणस्तर तथा मापदण्ड,

(च) परियोजनाको सञ्चालन, सुरक्षा, मर्मत सम्भारको विवरण,

(छ) परियोजनाको हस्तान्तरण,

(ज) सम्झौता रद्द हुने अवस्था ।

३७. <u>सम्झौताको अवधि</u> : (१) महानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सार्वजनिक तथा सामाजिक उत्तरदायित्वको माध्यमद्धारा गरिने लगानीको कार्यको सम्झौता अवधि बढीमा दश वर्षका लागि हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि पूरा हुनुभन्दा तीन महिना अघि प्राविधिक, वित्तीय र सामाजिक प्रतिवेदनसहित नवीकरणको लागि प्रस्तावकको निवेदन पेश हुन आएमा सम्झौता कार्यान्वयनको अवस्था मूल्याङ्कन गरी सम्झौता नवीकरण गर्न सकिनेछ ।

(३) यस दफाबमोजिम सार्वजनिक तथा सामाजिक उत्तरदायित्वमार्फत् सञ्चालन गरिने परियोजनाको सम्झौता बोर्डको निर्णयबमोजिम हुनेछ ।

३८. <u>सम्झौता रद्द गर्न सक्ने</u> : दफा ३६ बमोजिम गरिएको सम्झौतामा उल्लिखित सर्त वा सर्तहरूको पालना नगरेमा वा तोकिएको समयमा कार्यसम्पादन पूरा नगरेमा त्यस्तो प्रस्तावकसँग भएको सम्झौता रद्द गर्न सक्नेछ ।

३९. <u>शुल्क तथा राजश्वसम्बन्धी व्यवस्था</u> :(१) सार्वजनिक तथा सामाजिक उत्तरदायित्वअन्तर्गतका परियोजनाका क्षेत्रमा लगानी गर्ने प्रस्तावकले पूर्वाधार विकास तथा सेवा सम्वन्धी परियोजना सञ्चालन गर्दा सेवाग्राहीसँग कुनै पनि शुल्क वा दस्तुर तथा उठाउन पाउनेछैन ।

(२) प्रस्तावकले सार्वजनिक तथा सामाजिक उत्तरदायित्व अन्तर्गत लगानी गर्दा सम्झौतामा उल्लेख भएबमोजिमको आर्थिक तथा अन्य दायित्व व्यहोर्नु पर्नेछ ।

(३) सार्वजनिक तथा सामाजिक उत्तरदायित्वअन्तर्गत सञ्चालन हुने परियोजनामा लगानीकर्ताले निशुल्क सेवा सञ्चालन तथा व्यवस्थापन गर्न नसक्ने भएमा महानगरपालिका आफैँ वा अन्य पक्षबाट निशुल्क सेवा सञ्चालन गर्न सकिनेछ ।

४०. **सूचनासम्बन्धी व्यवस्था** : सार्वजनिक तथा सामाजिक उत्तरदायित्व अन्तर्गतको सञ्चालन हुने वा महानगरपालिकाको पूर्वाधार विकास तथा सेवामा लगानी गर्ने प्रस्तावकले सो कार्य गर्दा परियोजना स्थलमा कुनै पनि विज्ञापन गर्न/गराउन पाउनेछैन ।

तर, प्रस्तावकले अधिकतम ४'×४' (१६ वर्गफिट) आकारमा आफ्नो लोगो वा नामबाट सङ्केत गर्न बाधा परेको मानिने छैन ।

४१. **एकाइमार्फत् सञ्चालन हुने** : (१) महनगरपालिका क्षेत्रभित्र सार्वजनिक तथा सामाजिक उत्तरदायित्वअन्तर्गत प्रस्तावकबाट पूर्वाधार विकास तथा सेवामा गरिने लगानी व्यवस्थित रूपमा सञ्चालन गर्न एकाइमार्फत् एकद्वार रूपमा गर्नुपर्नेछ ।

(२) महानगरपालिकाका अन्य विभागहरूले सामाजिक उत्तरदायित्वअन्तर्गतको लगानी गर्ने प्रस्तावकबाट लगानीको प्रस्ताव प्राप्त भएमा एकाइमा पठाउनु पर्नेछ ।

४२. **परियोजनाको अनुगमनसम्बन्धी व्यवस्था**: महानगरपालिकामा उपप्रमुखको अध्यक्षतामा रहेको अनुगमन समितिले यस ऐनबमोजिम सञ्चालित आयोजनाको समेत अनुगमन गर्नेछ । अनुगमन कार्यमा एकाइका प्रमुखको समेत सहभागिता हुनुपर्नेछ ।

४३. **स्थानीय स्रोत साधनको उपयोग गर्नुपर्ने** : प्रस्तावकले परियोजना कार्यान्वयनको सिलसिलामा स्थानीय मौलिकतासहितको स्रोत, साधन र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवालाई सम्भव भएसम्म प्राथमिकता दिई प्रयोग गर्नुपर्नेछ ।

४४. **परियोजना हस्तान्तरणसम्बन्धी व्यवस्था** : (१) सम्झौताको अवधि पूरा भएमा वा नवीकरण नभएमा वा सम्झौता रद्द भएमा प्रस्तावकले परियोजना चालु अवस्थामा विनासर्त महानगरपालिकालाई हस्तान्तरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण भएको परियोजना एकाईले सम्वद्द विभागलाई व्यवस्थापन, सुरक्षा, मर्मत सम्भार तथा हेरचाहको लागि लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम हस्तान्तरण भएको परियोजनाको अवस्थाको मूल्याङ्कन गरी प्रस्ताव आह्वान गरी अर्को प्रस्तावकसँग सम्झौता गरी परियोजनाको व्यवस्थापन गर्न सकिनेछ ।

परिच्छेद- ९
विविध

४५. **मूल्याङ्कन समिति :** (१) सार्वजनिक निजी साझेदारी, निजी लगानी र संयुक्त सार्वजनिक लगानीसम्बन्धी परियोजनाहरूमा पेश हुन आएका प्रस्तावहरूको मूल्याङ्कन गरी सिफारिस गर्न एक मूल्याङ्कन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समिति महानगरपालिकाको वित्त, सहरी पूर्वाधार, खरिद र कानुन विभागका कर्मचारी, सार्वजनिक निजी साझेदारी विज्ञ वा परियोजना विज्ञ र एकाइ प्रमुख समेत गरी पाँच जनाको रहनेछ ।

(३) मूल्याङ्कन समितिले आवश्यक ठानेका व्यक्तिलाई आमन्त्रित गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिले परियोजनासँग सम्बन्धित विषयविज्ञ समेतलाई बैठकमा आमन्त्रण गरी राय परामर्श वा सुझाव प्राप्त गर्न सक्नेछ ।

(५) मूल्याङ्कनसम्बन्धी अन्य कुरा प्रचलित कानुन र मूल्याङ्कनका लागि तोकिएको आधारबमोजिम हुनेछ ।

(६) मूल्याङ्कन समितिले राय आवश्यक ठानेमा नेपाल सरकार, लगानी बोर्डसँग राय प्राप्त गर्न सक्नेछ । यसरी राय माग गर्दा एकाईमार्फत् माग गर्नुपर्नेछ ।

४६. **सेवा सुविधाका सर्त तोक्न सक्ने** : अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन, बोर्डले गरेका निर्णय, संघीय कानुन, प्रदेश कानुन तथा सम्झौताको अधीनमा रही आवश्यक सर्त तोक्न सक्नेछ ।

४७. **रोयल्टी बुझाउनुपर्ने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौताबमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित सर्तअनुसार महानगरपालिकालाई बुझाउनुपर्नेछ ।

(२) दफा (१) को व्यवस्थाबमोजिम रोयल्टी वा शुल्क नबुझाएमा बोर्डको निर्णयबमोजिम कारबाही हुनेछ ।

४८. **परियोजना हस्तान्तरण गर्नुपर्ने** : (१) सार्वजनिक निजी साझेदारी, संयुक्त सार्वजनिक लगानी तथा निजी साझेदारबाट कार्यान्वयन भएका परियोजना यस ऐन र सम्झौतामा उल्लेख भएबमोजिम महानगरपालिकालाई हस्तान्तरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेशिन, उपकरण, संरचना तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरू सम्झौतामा लेखिएबमोजिमको क्षमता, अवस्था र चालु हालतमा हुनुपर्नेछ ।

(३) परियोजना हस्तान्तरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(४) सम्झौता अवधि समाप्त भएपछि पनि परियोजना हस्तान्तरण नगरेमा महानगरपालिकाले एकल रूपमा परियोजना प्राप्ति गर्न सक्नेछ ।

४९. **महानगरपालिकाको स्वामित्व हुने** : यस ऐनबमोजिम हस्तान्तरण भएको परियोजना र त्यस्तो परियोजनामा जडित मेसिन, उपकरण, सफ्टवेयर र अन्य संरचना तथा परियोजनासँग सम्बन्धित भवन, घरजग्गा तथा अन्य यस्तै प्रकारका बस्तु तथा प्रणालीहरूको स्वामित्व महानगरपालिकाको हुनेछ ।

५०. **कारबाही गर्न सक्ने** :कुनै लगानीकर्ताले यस ऐन र सम्झौताको व्यवस्थाको पालना नगरेमा बोर्डले सम्झौतामा तोकिएको प्रक्रिया पूरा गरी देहायको कुनै वा सबै कारबाही गर्न सक्नेछ :

(क) निर्माण रोक्का गर्ने,

(ख) अनुमतिपत्र/इजाजतपत्र रद्द गर्ने,

(ग) प्रचलित कानुनबमोजिमको कारबाही ।

५१. **महानगरपालिकाले कार्यान्वयन गर्न सक्ने** : प्रचलित संघीय कानुनबमोजिम नेपाल सरकार, लगानी बोर्डबाट कार्यान्वयन गरिने कुनै परियोजना महानगरपालिकाबाट कार्यान्वयन गर्न उपयुक्त ठहर गरी बोर्डको स्वीकृति प्राप्त भएमा त्यस्तो परियोजना महानगरपालिकाले कार्यान्वयन गर्न सक्नेछ ।

५२. **स्वीकृतिका लागि बोर्डमा पठाउनुपर्ने** : छ अर्ब रूपैँया वा सोभन्दा बढी लागत अनुमान भएका परियोजनाको लगानी स्वीकृति बोर्डको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

५३. **समझदारी वा सम्झौताबाट कार्यान्वयन गर्न सकिने** : बोर्डले पहिचान गरी स्वीकृत गरेको कुनै परियोजनामा आवश्यकतानुसार नेपाल सरकार, लगानी बोर्डसँग राय वा आपसी समझदारी वा सम्झौता गरी कार्यान्वयन गर्न सकिनेछ ।

५४. **विदेशी लगानी सम्बन्धमा** : महानगरपालिकाको कार्यक्षेत्रमा परेका परियोजनामा हुने विदेशी लगानीसम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुनेछ ।

५५. **समन्वय गर्नुपर्ने** : महानगरपालिकाको कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक निजी साझेदारी लगानी वा निजी लगानीबाट हुने परियोजनाको कार्यान्वयनका लागि बोर्डले आवश्यकतानुसार नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकारअन्तर्गतका सम्बन्धित निकायहरूसँग समन्वय गर्नेछ ।

५६. संयुक्त सार्वजनिक साझेदारी कार्यक्रम : (१) सार्वजनिक निजी साझेदारी तथा निजी लगानीबाट कार्यान्वयन हुने परियोजनाहरूमा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकारहरूसँग सहमतिमा साझेदारी गरी कार्यक्रम गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको साझेदारीको कार्य प्रक्रिया तथा कार्यविधि बोर्डले निर्धारण गरेबमोजिम हुनेछ ।

५७. वार्षिक प्रतिवेदन :(१) बोर्डको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र तयार गरी बोर्डमार्फत् कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराहरूको अतिरिक्त बोर्डले सो आर्थिक वर्षमा परियोजना बैंकमा समावेश गरेका परियोजनाहरू, कार्यान्वयन गरेका परियोजना, परियोजना सञ्चालन गर्दा भएको खर्च र त्यसको उपलब्धि, लगानी रकम, परियोजना संख्या र सिकाइ तथा भविष्यमा गर्नुपर्ने सुधारका विषयहरू समेत समावेश गर्नुपर्नेछ ।

५८. अधिकार प्रत्यायोजन : बोर्डले यस ऐनबमोजिम आफूलाई प्राप्त केही अधिकार कुनै नगरसभा सदस्य वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५९. क्षतिपूर्ति दिनुपर्ने : (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै कार्य गरेबाट अर्को पक्षलाई हानी नोक्सानी हुन गएमा त्यसरी हुन गएको हानी नोक्सानीबापतको मनासिब रकम हानी नोक्सानी गर्ने पक्षले नोक्सान हुने पक्षलाई क्षतिपूर्तिबापत उपलब्ध गराउनु पर्नेछ । पूर्व सूचना नदिई कुनै पनि पक्षले हानी नोक्सानी हुने गरी कार्य गर्न सक्ने छैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि क्षतिको मूल्याङ्कन दुवै पक्षको सहमतिमा स्वतन्त्र मूल्याङ्कनकर्ता नियुक्ति गरी गरिनेछ ।

६०. **अनुदान तथा ऋण सहायता स्वीकार गर्ने** : बोर्डले निर्धारण गरेका परियोजना विकास तथा कार्यान्वयनका लागि अर्थ मन्त्रालयको सहमतिमा अनुदान तथा तोकिएबमोजिम ऋण सहायता स्वीकार गर्न सक्नेछ ।

६१. **विवाद समाधान** : (१) विदेशी लगानीका सम्बन्धमा स्वदेशी र विदेशी लगानीकर्ता तथा महानगरपालिका र विदेशी लगानीकर्ताबीच कुनै विवाद उत्पन्न भएमा त्यस्ता लगानीकर्ताले आपसी छलफल वा वार्ताबाट त्यस्तो विवादको समाधान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवाद उत्पन्न भएको पैतालिस दिनभित्र त्यस्तो विवादको समाधान हुन नसकेमा त्यस्तो विवाद बोर्डको रोहवरमा सम्बन्धित पक्षहरूले आपसी वार्ता तथा मेलमिलापद्वारा समाधान गर्नुपर्नेछ ।

(३) विवाद उत्पन्न भएको पैतालिस दिनभित्र उपदफा (१) वा (२) बमोजिमको प्रक्रियाबाट विवादको समाधान हुन नसकेमा र त्यस्तो विवादको समाधान गर्न विवादका पक्षहरूबिच संयुक्त लगानी वा विवाद समाधानसम्बन्धी सम्झौता भएकोमा त्यस्तो सम्झौताबमोजिम विवादको समाधान गरिनेछ ।

(४) उपदफा (३) बमोजिम विवाद समाधान भएको कुराको जानकारी सम्बन्धित पक्षहरूले त्यस्तो विवाद समाधान भएको पन्ध्र दिनभित्र बोर्डलाई दिनुपर्नेछ । तर के कुन सर्तहरूमा त्यस्तो सहमति भएको हो भन्ने कुराको जानकारी दिन सम्बन्धित पक्षहरू बाध्य हुने छैनन् ।

(५) विवाद समाधानसम्बन्धी अन्य व्यवस्था संघीय कानुनबमोजिम हुनेछ ।

६२. **वाधा अड्काउ फुकाउने** : यस ऐनको कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ देखा परेमा कार्यपालिकाले आदेश जारी गरी त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

६३. <u>यस ऐनबमोजिम हुने</u> : यस ऐनमा लेखिएको कुरा यसै ऐनबमोजिम र अन्य कुराको हकमा महानगरपालिकाले परियोजना विशेषका लागि स्वीकृत गरेको प्रस्तावसम्बद्ध कागजातमा उल्लिखित सर्त तथा आधार, संघीय सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५, विषय सम्बद्ध नियमावली तथा निजी लगानी सम्बन्धी प्रचलित कानुनबमोजिम हुनेछ ।

६४. <u>खारेजी र बचाउ</u> : (१)काठमाडौं महानगरपालिका सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ खारेज गरिएको छ ।

(२) उपदफा(१) मा उल्लिखित कानुनबमोजिमा भए गरेका कार्यहरू यसै कानुनबमोजिम भए गरेको मानिनेछ ।

६५. <u>नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्ने</u> : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न महानगरपालिकाले आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

प्रमाणीकरण मिति : २०७९ माघ १५

आज्ञाले
बसन्त अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको ऐन नं. ५

काठमाडौँ महानगरपालिका जनप्रतिनिधिको सुविधा सम्बन्धी ऐन, २०७९

प्रस्तावना : काठमाडौँ महानगरपालिकाका पदाधिकारी, सदस्य तथा सभाका सदस्यहरूले प्राप्त गर्ने सेवा सुविधालाई व्यवस्थित, न्यायोचित, उपयुक्त र पारदर्शी बनाई स्थानीय सरकारको कार्य प्रभावकारितामा वृद्धि गर्न सुविधालाई सेवा प्रवाहसँग आबद्ध गरी जनमैत्री कार्य वातावरण कायम गर्न सेवाको सर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले बागमती प्रदेश सभाबाट जारी भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ को दफा १२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम काठमाडौँ महानगरपालिका नगरसभाले यो ऐन बनाएको छ ।

परिच्छेद– १
प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **'जनप्रतिनिधिको सुविधासम्बन्धी ऐन, २०७९'** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) **'उपप्रमुख'** भन्नाले काठमाडौँ महानगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ख) **'कार्यपालिका'** भन्नाले काठमाडौँ महानगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) **'कार्यपालिका सदस्य'** भन्नाले काठमाडौँ महानगरपालिकाको नगर कार्यपालिका सदस्य सम्झनुपर्छ ।

(घ) **'जनप्रतिनिधि'** भन्नाले काठमाडौँ महानगरपालिकाको नगरसभामा जनप्रतिनिधिका रूपमा प्रतिनिधित्व गर्ने प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, नगर कार्यपालिका सदस्य र वडा सदस्य सम्झनुपर्छ ।

(ङ) **'तोकिए वा तोकिएबमोजिम'** भन्नाले काठमाडौँ महानगरपालिका नगरसभाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी जारी गरेको निर्णयमा तोकिए वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(च) **'नगरसभा'** भन्नाले काठमाडौँ महानगरपालिकाको नगरसभा सम्झनुपर्छ ।

(छ) **'पदाधिकारी'** भन्नाले काठमाडौँ महानगरपालिकाका प्रमुख, उपप्रमुख र वडा अध्यक्ष सम्झनुपर्छ ।

(ज) **'प्रदेश कानुन'** भन्नाले बागमती प्रदेशबाट जारी भएको कानुन सम्झनुपर्छ ।

(झ) **'प्रमुख'** भन्नाले काठमाडौँ महानगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ञ) **'प्रवक्ता'** भन्नाले काठमाडौँ महानगरपालिकाले तोकेको महानगरपालिकाको प्रवक्ता सम्झनुपर्छ ।

(ट) **'महानगरपालिका'** भन्नाले काठमाडौं महानगरपालिका सम्झनुपर्छ ।

(ठ) **'वडा अध्यक्ष'** भन्नाले काठमाडौं महानगरपालिकाको वडा अध्यक्ष सम्झनुपर्छ ।

(ड) **'वडा सदस्य'** भन्नाले काठमाडौं महानगरपालिकाकाको वडा सदस्य सम्झनुपर्छ ।

(ढ) **'समिति'** भन्नाले नगर कार्यपालिकाअन्तर्गत गठित विषयगत समिति सम्झनुपर्छ ।

परिच्छेद– २
जनप्रतिनिधिले पाउने सुविधा

३. **मासिक सुविधा** : महानगरपालिकाका जनप्रतिनिधिहरूको मासिक सुविधा प्रदेश कानुनले तोकेबमोजिम हुनेछ ।

४. **आवास सुविधा** : (१) प्रमुख तथा उपप्रमुखलाई आवासको निमित्त महानगरपालिकाले घरको बन्दोबस्त गर्नेछ। घरको बन्दोबस्त नभएको वा प्रमुख तथा उपप्रमुखको निवासको लागि आफ्नो उपयुक्त घर नभई घर भाडामा लिनुपरेमा घरभाडाबापत कार्यपालिकाले तोकेबमोजिमको रकम उपलब्ध हुनेछ ।

(२) उपदफा (१) बमोजिम बन्दोबस्त भएको महानगरपालिकाको घरको मर्मत, सम्भार महानगरपालिकाबाट हुनेछ ।

(३) निजी घरमा बस्ने प्रमुख र उपप्रमुखलाई घर मर्मत र सरसफाइको निमित्त कार्यपालिकाले तोकेबमोजिमको रकम उपलब्ध गराउनेछ ।

(४) यस दफाबमोजिमको सुविधा प्रमुख र उपप्रमुखलाई आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ ।

५. **सञ्चार सुविधा** : (१) महानगरपालिकाका जनप्रतिनिधिहरूलाई सञ्चार सुविधा उपलब्ध हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सञ्चार सुविधा प्रदेश कानुनले तोकेबमोजिम हुनेछ ।

६. **सवारी तथा इन्धन सुविधा** : (१) प्रमुख र उपप्रमुखलाई सवारीको निमित्त चालकसहितको सवारी साधन एक, मासिक एक सय पचास लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल उपलब्ध गराइनेछ ।

(२) समितिका संयोजकका लागि महानगरपालिकाले आवश्यक संख्यामा जगेडामा रहेका सवारी चालक सहितको सवारी साधनको व्यवस्था गर्नेछ ।

(३) महानगरपालिकाले उपलब्ध गराउने सवारी साधन सकेसम्म विद्युतीय र वातावरणमैत्री हुनेछ ।

७. **दैनिक तथा भ्रमण भत्ता** : (१) महानगरपालिकाका जनप्रतिनिधिहरूलाई आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने सिलसिलामा भ्रमण गर्दा उपलब्ध गराउने दैनिक तथा भ्रमण भत्ता प्रदेश कानुनले तोकेबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम भ्रमणबाट फर्केको मितिले पैंतिस दिनभित्र भ्रमण बिल भरी कोस प्रमाण, लगबुक, भर्पाईलगायतका आवश्यक कागज प्रमाणहरू महानगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

८. **बिमा सुविधा र उडान कर** : महानगरपालिकाका जनप्रतिनिधिलाई महानगरपालिकाको कामको सिलसिलामा विदेश वा स्वदेशमा भ्रमण गर्दा दश लाख रुपैँयाको बिमा सुविधा र उडान करबापत लागेको खर्च रकम उपलब्ध गराउनेछ ।

९. **स्वास्थ्य बिमा सुविधा** : (१) महानगरपालिकाका जनप्रतिनिधिहरूको कार्यपालिकाले तोकेको अङ्कको स्वास्थ्य बिमा गरिनेछ ।

(२) उपदफा (१) को अतिरिक्त अन्य जोखिम प्रयोजनार्थ गरिने बिमा नगरसभाले तोकेबमोजिम हुनेछ ।

१०. **छात्रवृत्ति सुविधा** : महानगरपालिकाका जनप्रतिनिधिले महानगरपालिकाको लागि उपयोगी हुने शैक्षिक कार्यक्रममा अध्ययन गर्न सम्वन्धित शैक्षिक संस्थालाई वुझाउनुपर्ने रकमका लागि कार्यपालिकाले निर्णय गरी छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ ।

११. **अन्य सेवा सुविधा** : (१) महानगरपालिकाको कार्यसम्पादनको स्तर बढाउन, जनताको दैनन्दिनको काम कारबाहीलाई सहजीकरण गर्न, महानगरपालिका तथा वडा कार्यालयहरूबाट प्रवाह हुने सेवाहरूलाई सेवाग्राहीको निवास थलसम्म पुऱ्याई जनमैत्री स्थानीय प्रशासनको अनुभूति गराउन, महामारीको समयमा रोकथाम तथा नियन्त्रणका कार्यक्रम सञ्चालन गर्न र उपचारको उचित प्रबन्ध गर्न, विपद् व्यवस्थापन गर्न तथा लक्षित उद्देश्य प्राप्तिका लागि जनप्रतिनिधिले नियमित रूपमा गर्नुपर्ने भनी कानुनमा उल्लिखित भएका कामबाहेक थप काम गर्न अतिरिक्त समय खट्नुपर्ने भएमा, जोखिम सहन गर्नुपर्ने भएमा वा थप कार्य जिम्मेवारी सम्हाल्नुपर्ने भएमा त्यस्तो कामका लागि खट्नुपर्ने थप समय, जोखिम र कामको आधारलाई मूल्याङ्कन गरी कार्यपालिकाले थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम महानगरपालिकाका जनप्रतिनिधिहरूको अन्य सेवा सुविधा उपलब्ध गराउने निर्णय गर्नुपूर्व प्रदेश सरकारको राय लिनुपर्नेछ ।

१२. **पोशाक भत्ता** : महानगरपालिकाको काममा वा महानगरपालिकाको तर्फबाट कुनै समारोह, उत्सव, सम्मेलन, गोष्ठी आदिमा भाग लिन वा आफ्नो मौलिक पहिचान खुल्ने पोशाक पहिरन गर्न महानगरपालिकाले तोकेबमोजिमको पोशाकको लागि वार्षिक रूपमा कार्यपालिकाले तोकेबमोजिमको पोशाक भत्ताबापतको रकम उपलब्ध गराउनेछ ।

१३. **नेता भत्ता** : महानगरपालिकाले तोकेको प्रतिनिधिमण्डलको नेताको रूपमा विदेश जाँदा आफूले पाउने दैनिक भत्ताको पच्चिस प्रतिशत थप नेता भत्ता पाउनेछ। महानगरपालिकाले नतोकेको अवस्थामा विदेश गएको वा एक सदस्यीय प्रतिनिधि भै विदेश जाँदा भने नेता भत्ता दिइनेछैन ।

१४. **आन्तरिक पर्यटन भ्रमण खर्च** : (१) आन्तरिक पर्यटन प्रवर्द्धन गर्न महानगरपालिकाले जनप्रतिनिधिलाई आन्तरिक पर्यटन/भ्रमण खर्च उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक पर्यटन/भ्रमण कार्यक्रम कार्यान्वयन गर्न महानगरपालिकाले विस्तृत प्रावधानसहितको निर्देशिका वा मापदण्ड बनाई बजारभाउ र उपयुक्ततालाई आधार बनाई प्रतिव्यक्ति प्रतिदिनको खर्च तोक्न सक्नेछ ।

परिच्छेद- ३
विविध

१५. **स्वकीय सचिवालय सञ्चालन** : (१) महानगरपालिकाको प्रमुख र उपप्रमुखको स्वकीय सचिवालय सञ्चालन गर्न आवश्यक कर्मचारी तथा स्रोत साधनको व्यवस्था गरिनेछ ।

(२) प्रमुखको स्वकीय सचिवालयका लागि देहायका कर्मचारीहरू रहनेछन् :-

(क) स्वकीय सचिव- एक जना (शाखा अधिकृत, सातौं तहसरह सुविधा पाउने) (ख) स्वकीय सहायक- एक जना (शाखा अधिकृत, छैठौं तहसरह सुविधा पाउने)

(ग) फोटोग्राफर- एक जना (सहायक स्तर, पाँचौं तहसरह सुविधा पाउने)

(घ) हलुका सवारी चालक- एक जना (सहायक स्तर, प्रथम तह, प्रथम स्तरसरह सुविधा पाउने)

(ङ) कार्यालय सहयोगी- दुई जना (प्रथम तह प्रथम स्तरसरह सुविधा पाउने)

(३) उपप्रमुखको स्वकीय सचिवालयका लागि देहायका कर्मचारीहरू रहनेछन :-

(क) स्वकीय सचिव- एक जना (शाखा अधिकृत, छैठौं तहसरह सुविधा पाउने)

(ख) स्वकीय सहायक- एक जना (सहायक स्तर पाचौं तहसरह सुविधा पाउने)

(ग) हलुका सवारी चालक- एक जना (सहायक स्तर, प्रथम तह प्रथम स्तरसरह सुविधा पाउने)

(घ) कार्यालय सहयोगी- दुई जना (प्रथम तह प्रथम स्तरसरह सुविधा पाउने)

(४) स्वकीय सचिवालयमा कार्यरत कर्मचारीहरूको पारिश्रमिक महानगरपालिकाको समान तह/स्तरका कर्मचारीहरूको सुरु तलब स्केलबमोजिम हुनेछ ।

(५) यस दफाबमोजिम स्वकीय सचिवालयमा कार्य गर्न प्रमुख र उपप्रमुखले आफ्नो सचिवालयका लागि तोकेको व्यक्तिलाई नियुक्त गर्नेछ ।

(६) सामान्यतः प्रमुख र उपप्रमुखले आफ्नो स्वकीय सचिवालयका लागि नियुक्त गरिएका कर्मचारीको अवधि आफ्नो कार्यकाल अवधिभरको लागि हुनेछ ।

तर, यस उपदफाको प्रावधानले प्रमुख तथा उपप्रमुखले आफ्नो कार्यकाल बाँकी छँदैको अवधिमा आफ्नो सिफारिसमा आफ्नो स्वकीय सचिवालयमा नियुक्त भएका कर्मचारीको सेवा अन्त्य गर्न, हेरफेर गर्न वा परिवर्तन गर्न यस प्रावधानले बाधा पुगेको मानिने छैन ।

(७) स्वकीय सचिवालयमा नियुक्त कर्मचारीहरूको काम, कर्तव्य र दायित्व देहायबमोजिम हुनेछ :-

(क) प्रमुख वा उपप्रमुखको स्वकीय सचिवालयमा र निवासमा हुने जनसम्पर्कलाई व्यवस्थित गर्ने,

(ख) प्रमुख वा उपप्रमुखको स्वकीय सचिवालय र निवासमा हुने दैनिक कार्य सम्पादनलाई व्यवस्थित बनाउने, दैनिक कार्यसूची तथा कार्यतालिका तयार गर्ने, आवश्यक कागजातहरू तयार गर्ने र समय व्यवस्थापन गर्ने ।

(ग) प्रमुख वा उपप्रमुखको दैनिक कार्य सम्पादनलाई व्यवस्थित बनाउन सम्बद्ध निकाय तथा पदाधिकारीहरूसँग आवश्यक समन्वय, सहयोग र सहजीकरण गर्ने ।

(घ) प्रमुख वा उपप्रमुखको सचिवालयले महानगरपालिकाअन्तर्गतका प्रशासनिक एकाइहरू र बाह्य निकायहरूसँगको सम्पर्क, सम्बन्ध र समन्वयको लागि सहयोगी भई कार्य गर्ने ।

(ङ) प्रमुख वा उपप्रमुखले तोकेका अन्य कार्यहरू गर्ने/गराउने ।

१६. <u>प्रवक्तालाई सुविधा</u> : (१) महानगरपालिकाको काम कारबाहीको सम्बन्धमा दैनिक रूपमा आम सञ्चारलाई जानकारी गराउन एक जना प्रवक्ताको नियुक्ति गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने प्रवक्ताको कार्य प्रभावकारिताका लागि महानगरपालिकाले सूचना तथा सञ्चारका आवश्यक साधन, उपकरण र मासिक रु. पाँच हजार सञ्चार व्यवस्थापन खर्च उपलब्ध गराउनेछ ।

१७. <u>खारेजी र बचाउ</u> : (१) यो कानुन प्रारम्भ हुनुअघि महानगरपालिकाका जनप्रतिधिहरूले पाउने गरी विभिन्न मितिमा कार्यपालिकाले गरेको निर्णयहरू खारेज हुनेछन् ।

(२) महानगरपालिका प्रमुख तथा उपप्रमुखको स्वकीय सचिवालय गठन तथा सञ्चालन सम्बन्धी मापदण्ड २०७४ खारेज गरिएको छ ।

(३) उपदफा (१) र (२) बमोजिम भए गरेका कार्य यसै ऐनबमोजिम भए गरेको मानिनेछ ।

प्रमाणीकरण मिति : २०७९ माघ १५

आज्ञाले
बसन्त अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको ऐन नं. ६

काठमाडौँ महानगरपालिका आर्थिक ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : काठमाडौँ महानगरपालिका आर्थिक ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले काठमाडौँ महानगरपालिका नगरसभाले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम **'काठमाडौँ महानगरपालिका आर्थिक (पहिलो संशोधन) ऐन, २०७९'** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **'काठमाडौँ महानगरपालिका आर्थिक ऐन, २०७९' को अनुसूची १५ मा संशोधन :** 'काठमाडौँ महानगरपालिका आर्थिक ऐन, २०७९' को अनुसूची १५ को पटके जरिवानाअन्तर्गत देहायबमोजिमको सि.नं. ५ थपिएको छ :

क्र. सं.	विवरण	दररेट (प्रति बोर्ड)
क	भुईं तला र पहिलो तलामा राखिएको साधारण प्रकृतिको परिचय पाटी (बोर्ड) हटाउनु परेमा	रु. ५००।-
ख	भुईं तला र पहिलो तलामा राखिएको परिचय पाटी (बोर्ड) वेल्डिङ्ग मेशिन वा विद्युतीय उपकरण प्रयोग गरी हटाउनु परेमा	रु. १०००।-

ग	दोस्रो तलादेखि माथि राखिएको साधारण प्रकृतिको परिचय पाटी (बोर्ड) हटाउनु परेमा	रु. १५००।-
घ	दोश्रो तलादेखि माथि राखिएको परिचय पाटी (वोर्ड) वेल्डिङ्ग मेशिन वा विद्युतीय उपकरण प्रयोग गरी हटाउनु परेमा ।	रु. ३०००।-

प्रमाणीकरण मिति : २०७९ माघ १५

आज्ञाले
बसन्त अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको ऐन नं. ७

काठमाडौँ महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : काठमाडौँ महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ लाई संशोधन गर्न वान्छनीय भएकोले, काठमाडौँ महानगरपालिका नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम **'काठमाडौँ महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण (पहिलो संशोधन) ऐन, २०७९'** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **'काठमाडौँ महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७' को दफा २ मा संशोधन :** 'काठमाडौँ महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७' (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ण) पछि देहायको खण्ड (ण१) थपिएको छ :-

"(ण१) **'महानगरपालिका'** भन्नाले **काठमाडौँ महानगरपालिका** सम्झनुपर्छ ।"

३. **मूल ऐनको दफा ६ मा संशोधन :** मूल ऐनको दफा ६ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) प्रस्तावकले महानगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजनासम्बन्धी प्रस्तावको सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको हकमा प्रमुखले र प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको हकमा स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।"

(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (२) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको हकमा प्रमुखले र प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको हकमा कार्यान्वयनबाट वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा आवश्यकताअनुसार प्रस्तावकले पालना गर्नुपर्ने सर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ ।

(३) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) उपदफा (२) बमोजिमको सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन प्रमुखले जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको थप वातावरणीय अध्ययन गर्नुपर्ने देखिएमा प्रारम्भिक वातावरणीय परीक्षण र कार्यपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको थप वातावरणीय अध्ययन गर्नुपर्ने देखिएमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न/गराउन आदेश दिन सक्नेछ ।"

४. **मूल ऐनको दफा ८ मा संशोधन :** मूल ऐनको दफा ८ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ,-

"(३) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि स्पष्ट

कार्ययोजना बनाई सोबमोजिम कार्यान्वयन गर्नुपर्ने छ र सोको प्रगति विवरण आयोजना कार्यान्वयन सुरू भएपछि प्रत्येक छ महिनामा सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको हकमा प्रमुखसमक्ष र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा कार्यपालिकासमक्ष पेश गर्नुपर्ने छ ।"

५. **मूल ऐनको दफा ९ मा संशोधन :** मूल ऐनको दफा ९ को सट्टा देहायको दफा राखिएको छ,-

"यो ऐन प्रारम्भ भएपछि कसैले पनि कानुनबमोजिम स्वीकृत नभएको कुनै प्रस्ताव कार्यान्वयन गर्न गराउन हुँदैन ।"

६. **मूल ऐनको दफा ११ मा संशोधन :** मूल ऐनको दफा ११ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ,-

"(१) कसैले पनि यस ऐन र प्रचलित कानुनले तोकेबमोजिमको निकायबाट स्वीकृति नलिई वा स्वीकृति भए भन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको हकमा प्रमुखले र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा कार्यपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वयनमा रोक लगाउन वा रोक लगाउनको लागि प्रदेश सरकार तथा संघीय मन्त्रालय वा स्वीकृत गर्ने निकायमा सिफारिस गर्न सक्नेछ ।"

७. **मूल ऐनको दफा २० मा संशोधन :** मूल ऐनको दफा २० को उपदफा (६) पछि उपदफा (७) थपिएको छ,-

"(७) फोहरमैलामा काम गर्ने कामदारहरूको कार्यगत स्वास्थ्य तथा सुरक्षा (Occupational Health and Safety) सम्वन्धी प्रबन्ध गर्नु सम्बन्धित पक्षको दायित्व हुनेछ ।"

८. **मूल ऐनको दफा ५१ मा संशोधन :** मूल ऐनको दफा ५१ को खण्ड (द) पछि खण्ड (ध) थपिएको छ,-

"(ध) फोहरमैला जलाई वा बालेर धुवाँ उत्सर्जन गरी प्रदुषण गर्ने ।"

९. **मूल ऐनको दफा ५२ मा संशोधन :** मूल ऐनको दफा ६ को,-

(१) उपदफा (१) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ,-

"(ञ) दफा ५१ को खण्ड (थ) र (ध) बमोजिमको कसूर गर्नेलाई महानगरपालिकाले प्रत्येकपटक पाँच सय रुपैया जरिवाना गर्न सक्नेछ ।"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ,-

"(३) कसैले उपदफा (२) बमोजिमको कार्य गरेमा महानगरपालिकाले तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएमा यस ऐनबमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदनबमोजिम कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ । यसरी दिइएको आदेशबमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुने छ । यसरी दिइएको आदेशबमोजिम कार्य नभएमा महानगरपालिकाले उपदफा (२) बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना गर्नेछ ।"

प्रमाणीकरण मिति : २०७९ माघ १५

आज्ञाले
बसन्त अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको ऐन नं. ८

काठमाडौँ महानगरपालिका बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७७ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : काठमाडौँ महानगरपालिका बजार व्यवस्थापन तथा अनुगमन ऐन २०७७ लाई संशोधन गर्न वान्छनीय भएकोले काठमाडौँ महानगरपालिका नगरसभाले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम **"काठमाडौँ महानगरपालिका बजार व्यवस्थापन तथा अनुगमन (पहिलो संशोधन) ऐन, २०७९"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **काठमाडौँ महानगरपालिका बजार व्यवस्थापन तथा अनुगमन ऐन २०७७ को दफा २ मा संशोधन :** काठमाडौँ महानगरपालिका बजार व्यवस्थापन तथा अनुगमन ऐन २०७७ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छ :-

"(ट) **'बजार अनुगमन टोली'** भन्नाले ऐनको दफा २६ बमोजिमको निरीक्षण अधिकृतको संयोजकत्वमा दफा २२ को खण्ड (न) बमोजिम गठित टोली सम्झनुपर्छ ।"

३. **मूल ऐनको दफा २३ मा संशोधन :** मूल ऐनको दफा २३ को सट्टा देहायको दफा राखिएको छ,-

"दफा २३ बजार अनुगमन टोलीको गठन :

(१) यस ऐनबमोजिम अनुचित ब्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप भए-नभएको, मूल्य सूची राखे-नराखेको, वस्तु वा सेवाको गुणस्तर मूल्य परिमाणका सम्बन्धमा नियमित रूपमा बजार अनुगमन तथा निरीक्षण गर्न महानगरपालिकाले देहायबमोजिमको महानगर बजार अनुगमन टोली गठन गर्नेछ :

(क) निरीक्षण अधिकृत **- संयोजक**

(ख) स्थानीय प्रशासनको प्रतिनिधि एक जना **- सदस्य**

(ग) तोकिएको नगर प्रहरी एक जना **- सदस्य**

(घ) उपभोक्ता सम्बद्ध संघसस्थाको प्रतिनिधि दुई जना **- सदस्य**

(ङ) सम्बन्धित क्षेत्र तथा विषयको विज्ञ एक जना **- सदस्य**

(च) पत्रकार महासंघ, काठमाडौँ शाखाको प्रनिनिधि एक जना **- सदस्य**

२. उपदफा (१) बमोजिमको बजार अनुगमन टोलीमा सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य आमन्त्रित सदस्यको रूपमा रहनेछ ।

३. बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ ।

४. समिति र अनुगमन टोलीको बैठक तथा सेवा सर्त सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।"

४. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ,-

"(४) निरीक्षण अधिकृतले गरेको कामको प्रतिवेदन समितिको हरेक बैठकमा पेश गनुपर्नेछ ।"

प्रमाणीकरण मिति : २०७९ माघ १५

आज्ञाले
बसन्त अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको ऐन नं. ९

काठमाडौँ महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : कर्मचारी सेवा सर्त एवम् सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले काठमाडौँ महानगरपालिका नगरसभाले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम **'काठमाडौँ महानगरपालिका कर्मचारी सेवा (पहिलो संशोधन) ऐन, २०७९'** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **'काठमाडौँ महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७' को दफा ३ मा संशोधन :** 'काठमाडौँ महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७' (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ,-

"(१) महानगरपालिकामा देहायबमोजिमका स्थानीय सेवा रहनेछन् :

(क) स्थानीय इन्जिनियरिङ सेवा,

(ख) स्थानीय कृषि सेवा,

(ग) स्थानीय प्रशासन सेवा,

(घ) स्थानीय शिक्षा सेवा,

(ङ) स्थानीय स्वास्थ्य सेवा र

(च) स्थानीय वन सेवा ।

३. **मूल ऐनको दफा २१ मा संशोधन :** मूल ऐनको दफा २१ को उपदफा (२) पछि देहायको उपदफा (२ क) थपिएको छ,-

"(२क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि महानगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीले समयावधिभित्र आफ्नो कार्य सम्पादन मूल्याङ्कन फाराम दर्ता गरी सुपरिवेक्षकसमक्ष पेश गरेको तर सम्बन्धित मूल्याङ्कनकर्ताहरूबाट समयावधिभित्र मूल्याङकन भएको रहेनछ भने कारण खुलाई सम्बन्धित विभागका विभागीय प्रमुखले सहायक स्तरको कर्मचारीको हकमा सुपरिवेक्षक र प्रशासन विभागका विभागीय प्रमुखले पुनरावलोकनकर्ता भई मूल्याङ्कन गर्नेछ ।

अधिकृतस्तरका कर्मचारीको हकमा प्रशासन विभागका विभागीय प्रमुखले सुपरिवेक्षक र प्रमुख प्रशासकीय अधिकृतबाट सुपरिवेक्षक भई मूल्याङ्कन हुनेछ तर विभागीय प्रमुखको सुपरिवेक्षक र पुनरावलोकन प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।"

४. **मूल ऐनको अनुसूची १ मा संशोधन :** मूल ऐनको अनुसूची १ को सट्टा देहायको अनुसूची १ राखिएको छ,-

दफा ३ को उपदफा (२) सँग सम्बन्धित :

महानगरपालिकामा देहायबमोजिमका स्थानीय सेवा समूह तथा उप समूहहरू रहनेछन् :

सेवा	समूह	उपसमूह
स्थानीय इन्जिनियरिङ सेवा	सिभिल	जनरल स्यानिटरी लिल्डिङ् एण्ड आर्किटेक्ट
	इलेक्ट्रिकल	जनरल इलेक्ट्रिकल

	मेकानिकल केमिकल जियोलोजी सर्भे	-
स्थानीय कृषि सेवा	पशु चिकित्सा लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट	-
स्थानीय प्रशासन सेवा	कानुन, सामान्य प्रशासन, लेखा, राजश्व, नगर प्रहरी र विविध	-
स्थानीय वन सेवा	जनरल फरेस्ट्री	-
स्थानीय शिक्षा सेवा	जनरल एजुकेसन, फिजिकल एजुकेसन र लाइब्रेरी साइन्स	-
स्थानीय स्वास्थ्य सेवा	प्याथोलोजी जनरल हेल्थ सर्भिसेज मेडिसिन सर्जरी रेडियोलोजी डर्माटोलोजी पेडियाट्रिक्स एनेस्थेसियोलोजी अब्स्ट्रेटिक्स तथा गाइनोकोलोजी मेडिकल जनरलिष्ट जनरल पब्लिक हेल्थ नर्सिङ डेन्टिष्ट्री आयुर्वेद **<u>हेल्थ एजुकेसन</u>** मेडिकल ल्याव टेक्नोलोजी फिजियोथेरापी फार्मेसी हेल्थ इन्सपेक्सन	-

	मेडिकल रेकर्डस रेडियोग्राफी बायोमेडिकल इन्जिनियरिङ विविध	

प्रमाणीकरण मिति : २०७९ माघ १५

आज्ञाले
बसन्त अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी, काठमाडौँमा मुद्रित । फुटकर मूल्य रु. ५०/-